परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष ११ ❑ अंक २६ २०७९ माघ २२ गते आईतवार **Sunday 5, FEB 2023** ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




## माननीय लक्ष्मी महतोलाई झुठ्ठा मुद्दा लगाई रेशम चौधरी जस्तै जेलभित्र हाल्ने प्रयास

राजेश कुमार राजवंशी

विराटनगर । वृहत मधेशी नगरिक समाजद्धारा शनिवार विराटनगरमा गरीएको गरिएको सन्दर्भ : झुठ्ठा मुद्दा ' माननीय लक्ष्मी महतो कोईरी र रेशम चौधरी' सन्बन्धी अन्तरक्रियात्म गोष्ठीका वक्ताहरुले ती दवै जना मधेशी भएकै कारण नेपाल सरकारले झुठा मुद्दालगाई जेल भित्र बन्धक वनाई राखेको वताएका छन् ।

कार्यक्रममा बोल्दै वरिष्ठ पत्रकार एवं राजनीति कर्मी रामरिझन यादवले कार्यक्रमको विषयमा प्रष्ट पार्दै मधेशी भएकै कारण महोत्तरी जिल्लामा जन्मनु भएको माननीय लक्ष्मी महतोलाई नेपाल सरकारल झुठ्ठाा मुद्दा लगाइ रेशम चौधरी जस्तै जेलभित्र हाल्न प्रयास भइरहेको वताउदै आन्दोलनकारी र प्रहरी प्रशासन बीच झडप भएको हुनाले लक्ष्मी महतोलाई पनि झुठा मुद्दा लगाएको यादवले आरोप लगाए ।।



अन्तरक्रिया कार्यक्रममा वोल्दै पूर्व मन्त्री शिवकुमार मण्डल ।

नेकपा एमाले प्रदेश सांसद जयप्रकाश चौधरीले कुनै पनि पार्टीमा मधेसी नेता भए पनि मधेशी, आदिवासी जनजाति, मुस्लिम, दलित, पिछडिएका वर्ग, जातजातिको अधिकारको लागि सधैं आवाज उठाई रहने प्रतिवद्धता जनाउदै माननीय लक्ष्मी महतो कोइरी र रेशम चौधरीलाई लगाइएको झुठ्ठा मुद्दा खारेज गरी रिहा गराउनका लागी थारु कल्याणकारी सभा, लगात केही

वांकी अन्तिम पेजमा...

## एक्स्पोको प्रवेश शुल्क र टिकट काट्ने समय परिवर्तन

विराटनगर । विराटनगर-२ शंकरपुरमा जारी सीएनआई कोसी एक्स्पोमा प्रवेश शुल्क र टिकट काट्ने समयलाई परिवर्तन गरी सहज बनाइएको छ ।

हरेक दिन अपरान्ह साढे ३ बजे पछिको टिकट दर २०० रुपैयाँ रहेकोमा त्यसलाई अवलोकन कर्ता दर्शकहरुका चाहना वमोजिम १०० रुपैयाँ कायम गरिएको छ । अवलोकनकर्ताहरुको आग्रहलाई मध्यनजर गर्दै टिकट दरलाई व्यवस्थित गरिएको एक्स्पो आयोजकले जनाइएको छ । ९ कक्षा मुनिका विद्यार्थीहरुका लागि भने उक्त समय भित्र टिकट दर ५० रुपैयाँ कायम गरिएको जनाइएको छ । ९ कक्षा भन्दा माथिका विद्यार्थी र अरु अवलोकन कर्ताहरुका लागि साँझ साढे ६ बजेपछि भने टिकट दर २०० रुपैयाँ नै कायम रहने छ ।

एक्स्पोमा हरेक अवलोकनकर्ताहरुको सहज उपस्थितिका लागि टिकट दर र टिकट काट्ने समयलाई अझ व्यवस्थित गरिएको सीएनआई कोसी एक्स्पोका मिडिया संयोजक दिवश सुवेदीले जानकारी दिए । साथै टिकट काटिसकेका अवलोकनकर्ताहरुले जुनसुकै समयमा पनि प्रवेशद्वारबाट सहज रुपमा एक्स्पो स्थलमा प्रवेश पाउने व्यवस्था गरिएको जनाइएको छ ।

वांकी अन्तिम पेजमा...

## समृद्धि र विकासको लागि उर्जा लगानीमा जोड

विराटनगर। प्रदेश १ मा उर्जा क्षेत्रमा भइरहेको लगानीको सुरक्षा र थप लगानी गर्ने वातावरण बनाउनु पर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

स्वतन्त्र उर्जा उत्पादक संघ (इपान)ले प्रदेश नं. १ को दिगो विकासका लागि उर्जा भन्ने विषयमा विराटनगरमा आयोजना गरेको दुई दिने कार्यशालामा सहभागी विज्ञहरुले यस्तो धारणा राखेका हुन् । उनीहरुले उर्जा क्षेत्रमा लगानी बढाए प्रदेश १ ले तीब्र समृद्धि हासिल गर्ने दाबी पनि गरे ।

कार्यशालामा विद्युत् आयोजना निर्माणमा हुने झण्झटिलो प्रक्रिया, स्थानीय अवरोध, ट्रान्समिसन लाइन निर्माणमा हुने अवरोध लगायतका विषयलाई स्थानीय, प्रदेश र संघ सरकारले हल गर्नुपर्नेमा लगानीकर्ताहरुले जोड दिए । अहिले पनि एउटा विद्युत् आयोजनाको लाइसेन्स लिएर आयोजनाको निर्माण सुरु गर्नै ७/८ वर्ष लाग्ने गरेको भन्दै यस्तो अवस्थाको अन्त्य गर्नुपर्नेमा उनीहरुले जोड दिए ।

इपानका प्रदेश १ सचिव सोमनाथ कँडेलले क्षमता अनुसार प्रदेश १ मा विद्युत् आयोजनाहरु निर्माण भए अहिलेको केन्द्र सरकारको जम्मा बजेटको आकारको बजेट प्रदेश १ सरकारले नै ल्याउन सक्ने दाबी गरे । देशभरमा सबैभन्दा बढी प्रदेश १ मै उर्जा क्षेत्रको बढी सम्भावना भएको तथ्यांक प्रस्तुत गर्दै उनले ३४ हजार मेगावाट क्षमताका आयोजना बन्नसक्ने दाबी गरे ।

त्यसो भएको खण्डमा प्रदेश १ मा मात्रै रोयल्टीवापत वार्षिक १ अर्ब ३६ अर्ब आउन सक्ने बताए । इपानकै कार्यसमिति सदस्य प्रकाश दुलालले खोलामा पानी नभएर सुन बगिरहेको दाबी गर्दै तीनै तहका सरकारहरुले भरपूर क्षमता लगाएर विद्युत् क्षेत्रको विकासमा लाग्नुपर्नेमा जोड दिए ।

कार्यशालामा दिगो विकासका लागि उर्जा क्षेत्रको विकासबारे दुलालले प्रस्तुती दिएका थिए । यस्तै इपालका कार्यवहाक अध्यक्ष मोहनकुमार डाँडी, प्रदेश १ का जलस्रोत सिंचाई तथा उर्जा मन्त्रालयका सचिव नविनराज सिंह, इपालका पूर्व अध्यक्ष कुमार पाण्डे, इपानका लुम्बिनी प्रदेशका कोर्अडिनेटर कुबेरमणि नेपाल, जलविद्युत् क्षेत्रका विज्ञ तथा पत्रकार भीम गौतमलगायतले विद्युत् क्षेत्रको विकासको सम्भावना र चुनौतिको

वांकी अन्तिम पेजमा...



क्राईम अपरेशन साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## माननीय...

राजनीतक दल अवाज उठाई रहेका छन् । रिहाइको अवाजलाई अझ वुलन्द वनाउन बृहत मधेसी नागरिक समाज लगायत अन्य संघ संगठन एक भएर अगाडि बढनु पर्ने धारणा राखेका थिए ।

त्यसैगरी कार्यक्रमको प्रमुख अथिती नेकपा माओवादीको पुर्व मन्त्री शिव कुमार मन्डलले अबको दिनमा युवाहरूलाई सचेत गराइ मधेसको कुरा लिएर केही मधेसी पार्टीमा पनि युवाको नेतृत्व हुनुपर्छ भने जोड दिएका थिए ।

मधेशी राजनीतक दलहरु मधेशी जनताका अधिकारको लागि गरेको प्रतिवद्धतालाई तिलान्जली दिएर अहिले सत्ता भोगमा लागेको छ । सत्ता र कर्सी छुटेपछि मधेश देख्ने, सत्ता र कुर्सी पाएपछि मधेशलाई विर्सिने भएकोले रेशम चौधरी र लक्ष्मी महता कोईरी लगात दर्जनौ मधेशी नता कार्यकर्ताहरुलाई नेपाल सरकारले अनावश्यक झुठ्ठा मुद्दा लगाएर जेलमा बन्धक वनाएको वताउदै उनीहरुका रिहाईको लागि मधेशी नेताहरुले सत्ताको लोभ छोड्नु अधिवक्ता रामलाल सुतिहार वताए ।

सो अन्तरक्रियात्म कार्यकमा नेपाली कांग्रेस, नेकपा ऐमाले, जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाज वादी पार्टी, माओवादी केन्द्र, जनमत पार्टी लगायतका प्रतिनिधीहरु र पत्रकारहरुले आ-आफ्नो धारण राखेका थिए ।

थरूहट आन्दोलनको क्रममा ०७२ भदौ ७ गते आन्दोलनकारी र प्रहरीबिचको दोहोरो झडपमा परी एक नाबालकसहित सात प्रहरीको ज्यान गएको थियो । उक्त घटनामा संलग्न रहेको आरोपमा एक नाबालक, राष्ट्रिय जनता पार्टीका तर्फबाट प्रतिनिधि सभाका सदस्यमा विजय भएका रेशम चौधरी सहित २६ जनालाई विभिन्न मुद्दा चलाई पुर्पक्षको लागि कारागार चलान गरिइएको थियो । उनीहरू विरूद्ध कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र डाँका चोरी मुद्दा चलाइएको थियो ।

त्यसैगरी लक्ष्मी महतो कोइरी माथि मधेस आन्दोलनका क्रममा घाइते भई अस्पताल लैजाँदै गरेका सई थमन थापालाई एम्बुलेन्सबाट थुतेर हत्या गरेको अभियोग नेपाल सरकारले लगाएको छ ।

उक्त अन्तरक्रिया कार्यक्रम वृहत मधेशी नागरिक समाजका केन्द्रिय अध्यष सुर्यनाथ प्रसाद सिंहका अध्यक्षतामा सम्पन्न भएको थियो । उत्तअन्तर क्रीया कार्यक्रमको सभापति सुर्यनाथ सिंहको अध्यक्षता समप्न्न भएको थियो ।

## एक्स्पाको...

जारी सीएनआई कोसी एक्स्पो २०७९ को तेस्रो दिन शनिबार साँझ रक संगीतकी हस्ती अभया सुब्बा र उनको द स्टिम इन्जिन ब्याण्डको प्रस्तुति रहेको थियो । त्यसका साथै डिल्ली फोम्बो एण्ड द ब्याण्डले पनि प्रस्तुति दिएका थिए । त्यस्तै स्थानीय संस्कृति ब्याण्डले विभिन्न गीत संगीतको प्रस्तुति प्रत्येक दिन दिदै आएको छ ।

## समृद्धि...

विषयमा प्रस्तुती दिएका थिए । बिहीबार र शुक्रबार दुईदिनसम्म चलेको उक्त कार्यक्रममा प्रदेश १ का दर्जनबढी सांसदहरु, उर्जा उत्पादकहरु तथा सरोकार वालाहरुको सहभागीता थिए ।

## ब्राउन सुगर सहित पाँच पक्राउ

झापा । झापाको दमक नगरपालिका-२ स्थितबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बुधवार दमक-२ नयाँ आम्दा खरखरे टोल स्थितमा ब्राउन सुगर विक्री वितरण भईरहेको छ भन्ने बिशेष सुचनाको आधारमा लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा तीनै जनालाई पक्राउ गरिएको थियो ।

पक्राउ पर्नेमा दमक-८ का ३७ बर्षीय तेज कुमार खवास, ३५ बर्षीय सुनिल श्रेष्ठ र दमक-२ का२२ बर्षीय बिजय धिमालको साथबाट १९ ग्राम ब्राउन सुगर, नगद ९७ हजार ६ सय रुपैया, ४ थान मोवायल र को. २८ प ३१४६ नम्बरको स्कुटर, प्रदेश १-०२-०४८ प ६६५७, ज. १२ प ५५५७ नम्बरको मोटरसाईकल सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका तीनै जनाको ईलाका प्रहरी कार्यालय दमकबाट थप अनुसन्धान भईरहेको छ ।

त्यसैगरी मोरङको बिराटनगर महानगरपालिका-१५ स्थितबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । शुक्रवार लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भारतबाट नेपाल तर्फ आउदै गरेका पैदल यात्री धरान उप-महानगरपालिका-५ का २२ बर्षीय अमन अछामे र २२ बर्षीय संजिव बिश्वकर्माको साथबाट १ ग्राम ५६ मिलिग्राम ब्राउन सुगर बरामद गरेको थियो ।

ब्राउन सुगर सहित पक्राउ परेका दुबै जनाको इलाका प्रहरी कार्यालय रानीबाट थप अनुसन्धान भईरहेको छ ।

## समाजवादी ट्रेड यूनियनद्धारा वनभोज एवं सम्मान



विराटनगर । नेपाल समाज वादी पार्टी निकट समाजवादी ट्रेड यूनियन प्रदेश १ ले अन्तरक्रिया, वनभोज एवं सम्मान कार्यक्रम सम्पन्न गरेका छन् ।

कटहरी गाउँपालिकामा रहेको फन पार्कमा प्रदेश १ का स्वास्थ्य मन्त्री निर्मला तावा लिम्बुका प्रमुख आतिथ्यमा तीनवटै कार्यक्रम सम्पन्न गरको हो ।

सो अवसरमा पार्टीका विभिन्न भातृ संगठनका नेता तथा कार्यकर्ताको वाक्लो उपस्थितिका वीच पार्टीलाई नयाँ दिशा तिर कसरी अगाडी वढाउने, पार्टी भित्र देखिएको वेतिथीलाई कसरी सुधार गर्ने, पार्टीलाई जिवन्त दिन पार्टीका शिर्श नताहरुमा कसरी सुधार ल्याउन सकिन्छ भन्न विषयमा वृहत छलफल भएका थिए ।

अन्तरक्रिया पश्चिात भातृ संगठनका नेताहरु ट्रेड यूनियनलाई महासंघलाई पुऱ्याएको योगदान र महासंघ प्रति देखाएको सहयोगको उच्च मुल्यांकन गर्दै सम्मान पत्र सहित खादा ओढाएर सम्मान गरका थिए ।

सम्मान पश्चात प्रमुख अतिथी मन्त्री लिम्बुले भने प्रदेश १ मा जनता समाजवादी पार्टीले पाएको स्वास्थ्य मन्त्रालयमा देखिएको वेतिथीहरुलाई हटाउँदै आम नेपाली जनता सम्म सहज स्वास्थ्य उपचार पऱ्याउनुका साथै पार्टी मागहरुलाई प्रदेश सभामा जोडदार रुपमा उठाउने प्रतिवद्धता जाहेर गर्दै प्रदेश १ को नामाकरण पहिचानको आधारमा राख्नु पर्नेमा जोड दिएका थिए ।

त्यसैगरी जसपाका मोरङ जिल्ला राज कुमार यादवले भने पार्टीका नेता एवं कर्याकर्ता हरूलाई उच्च मनोबलका साथ पार्टीलाई सुदृढीकरण र मजबुत वनाउन लागन आग्रह गरेका थिए ।

उक्त अन्तरक्रिया, वनभोज र सम्मान कार्यक्रम विभिनन संघ, संगठनका पत्रकारहरुका समेत सहभागीता रहेको थियो । सो कार्यक्रम समाजवादी ट्रेड यूनियन प्रदेश १ को अध्यक्ष मोहम्म नसरुलको अध्यक्षतामा सम्पन्न भएको थियो ।


## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।

## सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- सार्वजनिक सम्पति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड





परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### मालदार मन्त्रालयको ताकमा नेता

नेपालको राजनीतिमा सत्ता साझेदारी गर्दा सबै पार्टीहरुले मालदार मन्त्रालयकै ताकमा हुन्छ । जसका कारण मन्त्रालय वाडफाडमा झमेला उत्पन्न भई सत्ता समिकरण गर्न नै कठिन हुन् जान्छ । प्रदेश र संघका केही यस्ता मन्त्रालयहरु रहेका छन् जसको लागि सवै पार्टी र पार्टीका नेताहरुले मरिहत्ते नै गरेका हुन्छ । मन्त्रालय छनौट गर्दा ती मन्त्रालयको लागि बन्ने मन्त्रीको योग्यता क्षमता के हो त्यो नदेखेर मन्त्री बनाउने काम मात्र भएकोले देशमा व्यतिथि फैलिएको छ । कुन मन्त्रालयको लागि आफु योग्य छु त्यसका निक्यौल नगरी मन्त्रालय लुछाचुडीमा लागि पर्छ । कुनै एउटा राजनीतिक दलले चुनावमा स्पष्ट बहुमत नपाउँदा अहिले आधा दर्जन भन्दा वढी राजनीतिक दलहरुका गठवन्धन मन्त्री परिषद त वनेको छ तर पूर्णता पाएका छैन ।

नेपालीका राजनीतिक दलका नेताहरुले चुनावको वेला जनता र देश विकासका लागि लामो लामो घोषणा पत्रहरु जारी गर्दछन् । लामो लामो भाषण दिन्छन् । तर जनताको मतवाट निर्वाचित भई सकेपछि जनता जाय भाडमे मलदार मन्त्रालयको ताकमा पार्टी फूट्ने जुट्ने र माल कमाउने ताकमा नेताहरु लागेका हुन्छन । चुनाववाट पहिलो पार्टी हुने नेपाली कांग्रेस विपक्षमा बस्न वाध्य छन् भने दोस्रो ठूलो दल बन्ने नेकपा एमालेको सहयोगमा तेस्रो ठूलो पार्टी बनेका माओवादी केन्द्रले अहिले सरकार चलाई रहको छ भने चौथो ठूलो दल बनेका राष्ट्रिय स्वतन्त्र पाटीका अध्यक्ष रवी लामेछानेले गृहमन्त्रालय नै पाउन मरिहत्ते गरि रहेका छन् ।

बजेट भएकै मन्त्रालयमा वढी चलखेल हुन्छ । त्यही मन्त्रालय दल र नेताका रोजाई हुन्छ जस्ता प्रथाको अन्तगरी मुलुकमा भएका जुन सुकै मन्त्रालय भएपनि जनताकै काम गर्ने विचारलाई आत्मसात गरी एक अर्कोका मन्त्रालयलाई अनुगमन गरी मन्त्रालयवाट भए गरको खराव कामको समिक्षा भई खराम काम गर्ने अर्थात फजुल खर्च गरी खर्च देखाउने मन्त्रालयका मन्त्री र मन्त्रालयमा काम गर्ने कर्मचारीहरुलाई कारवाहीका भागीदार वनाउने व्यवस्था गर्नुपर्दछ । जसले गर्दा मन्त्रालय वाडफाडमा लुछाचुडी हुँदैन । त्यस तर्फ जनताको छोरा जनतावाट निर्वाचित जनप्रतिनिधीहरुले इच्छा शक्ति देखाउन अहिलेको आवश्यकता हो ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# नेपाली राजनीतिसँग जोडिएका अनौठा प्रश्न

**सागर तिवारी**

कोभिड-१९ महामारीले संसारमा हालसम्म ६७ लाख भन्दा धेरै मानिसको ज्यान गइसकेको छ । नेपालमा मात्रै यो संख्या १२ हजार नाघेको छ । तर यो महाव्याधि उत्पत्तिको बारेमा विश्व आजपर्यन्त अन्योलमा छ। वैज्ञानिकहरूले सामान्य रोगको पनि उद्‌गमको जरैसम्म पुगेर निष्पक्ष अध्ययन गर्छन् र भविष्यका संभावित प्रकोपहरूबाट जोगिने उपाय खोजी गर्छन्। तर, कोभिड-१९ को बारेमा यसो गरिएन ।

कुनै घटनाको ब्रेकिङ गर्न तँछाडमछाड गर्ने सञ्चार माध्यमहरू कोभिडको उत्पत्तिबारे मौन छन्। गुगल, मेटा (फेसबुक), एप्पल लगायतका बिग-टेक भनिने आधुनिक सञ्चारमाध्यमहरूले कोभिडबारे उनीहरूको आन्तरिक नीतिसँग बाझिन गएको बहानामा सार्वजनिक स्वास्थ्य वा श्वास प्रश्वास सम्बन्धी रोगका विज्ञका अनुसन्धानहरू समेत आफ्ना प्लेटफर्महरूमा निषेधित गर्ने गरेका छन ।

सदस्य राष्ट्रहरूबीच सार्वजनिक स्वास्थ्यको सूचना आदानप्रदान गर्ने मूल उद्देश्यले स्थापित विश्व स्वास्थ्य संगठनका प्रमुख टेड्रोस गेब्रयसेसले कोभिडको महामारी चीनको नियन्त्रणभन्दा बाहिर गइसक्दा पनि गलत सूचना प्रवाह गरे ।

चिनियाँ राष्ट्रपति सी जिनपिङकी श्रीमती जनरल पेंङ्ग लिउयानलाई आफ्नो सद्‌भावना राजदूत नियुक्त गरेको विश्व स्वास्थ्य संगठनले रोग उत्पत्ति र संक्रमणबारे पर्याप्त जानकारी प्रवाह गर्नुको सट्टा चीन सरकारको तारिफ गरेर बस्यो । प्रश्न-१. विश्व स्वास्थ्य संगठन र सञ्चार माध्यमहरू कोभिड-१९ बारे आफ्नो भूमिका निर्वाह गर्न किन चुके ?

२०७४ सालको आम निर्वाचन पूर्व पार्टी एकीकरणको उद्घोष गर्दै एमाले र माओवादी केन्द्रले वाम गठबन्धन निर्माण गरे। २०७२ सालको भूकम्पपश्चात् भारत तर्फको अघोषित नाकाबन्दीमा दह्रो उभिएका ओलीको लोकप्रियता चुलीमा थियो। गठबन्धनले केन्द्रमा दुईतिहाइ नजिक र ७ मध्ये ६ प्रदेशमा स्पष्ट बहुमत प्राप्त गर्‍यो। पार्टी एकीकरण पनि भयो ।

दुई वटा अध्यक्षले उनीहरूकै भाषामा पाइलट हरूले हवाईजहाज उडाए जस्तै पार्टी चलाए । ओली नेतृत्वको सरकारले दार्चुलाका लिम्पिया धुरा र लिपुलेखको भूभाग समेटिएको चुच्चे नक्शा सार्वजनिक गरेर लोकप्रियता बटुल्यो ।

तर ३ वर्ष नपुग्दै पार्टीमा नराम्रो चिरा पर्‍यो, नेता कार्यकर्ता भेडा-भेडासँग, बाखा-बाखासँग भए। प्रचण्ड र ओलीको पानी बाराबारको स्थिति बनिरह्यो। पुस ९ सम्म केपी ओलीले प्रचण्ड नेतृत्वमा सरकार बन्न असंभव रहेको अभिव्यक्ति सार्वजनिक गर्दै थिए। पुस १० गते 'बार्दली' भेट लगत्तै उनै केपीको बुई चढेर प्रधानमन्त्री बने- प्रचण्ड। प्रश्न-२. केपीले प्रचण्डलाई किन काँध हाले ?

नेपालका पुराना राजनीतिक दल र पूर्वप्रधान मन्त्रीहरूको आलोचना गरेरै रवि लामिछाने र राष्ट्रिय स्वतन्त्र पार्टीले राजनीतिक उँचाइ ग्रहण गरे। प्रदेशहरूको औचित्य नदेखेका रविको पार्टीले प्रदेशहरूमा प्रतिस्पर्धा पनि गरेन, रविले प्रदेशसभाको निर्वाचनमा मतदान समेत गरेनन्। कात्तिक १३ गते महाकाली सिमाना पारि भारततर्फ निर्माण कार्यमा गराइएको विस्फोटमा परी सीमावारि नेपालमा एकजना बालकको ज्यान गएको र अन्य केही घाइते भएका थिए ।

यस विषयमा रवि लामिछानेले मंसीर १९ गते भारतविरुद्ध आक्रामक विज्ञप्ति निकाले। नागरिकता विवादमा अदालतले राजनीतिक पदमा अल्पविराम लगाउनुपूर्व पुस ११ गते संघीयताका सूत्रधार मानिने प्रचण्डको मन्त्रिमण्डलमा सामेल हुने ३ जना उपप्रधानमन्त्रीमध्ये एक बन्न पुगे- रवि लामिछाने। प्रश्न-३. रास्वपाको लागि प्रचण्ड नेतृत्वको सरकारको बागडोर कसरी खुल्न पुग्यो ?

अघिल्लो संसदीय निर्वाचनमा एक्लै प्रतिस्पर्धा गरेको नेपाली कांग्रेसले यसपालि माओवादी केन्द्र र अन्य वामपन्थीसहितको गठबन्धन बनायो। स्थानीय निर्वाचनमा प्रतिद्वन्द्वी नेकपा एमालेलाई उल्लेखनीय रूपमा खुम्च्याउन सफल भएकोले कांग्रेसले 'इतर समूह' को हिच्किचाहटका बावजुद गठबन्धनमै भरोसा गरिरह्यो ।

तर, पुस १० गते गठबन्धनका प्रमुख घटकका नेता प्रचण्डले कांग्रेस बाहेकका प्रायः सबै दलहरू बटुलेर प्रधानमन्त्री बने। राष्ट्रपति र प्रधानमन्त्री दुवै पदमा आफनो दाबी नै बटमलाइन बनाएको कांग्रेसभित्र सबै पदहरू गुमाउने अवस्थाले कम्पन उत्पन्न गर्‍यो ।

कांग्रेसीहरू प्रचण्डसँगको सहकार्य भरोसायोग्य नहुने निष्कर्षमा पुगे। त्यसको करिब दुई हप्तामै, विश्वासघातको घाउमा पाप्रा नलाग्दै उनै प्रचण्डलाई विश्वासको मत दियो, कांग्रेसले। प्रश्न-४. कांग्रेसले प्रचण्डलाई विश्वासको मत किन दियो ?

**कारक सम्बन्ध र मिथ्या सम्बन्ध**

माथिका प्रश्नहरूको सहज उत्तर घटनाक्रमहरूको अन्तर सम्बन्धबाट खोज्न सकिन्छ। तथ्यांकशास्त्र अनुसार सहसम्बन्ध देखिनुमा कारक सम्बन्ध नै हुनुपर्छ भन्ने हुँदैन। बादल लागेपछि पानी पर्नु, पानी पिउँदा प्यास मेटिनु अथवा आधुनिक ऊर्जाको प्रयोगले उत्पादकत्व वृद्धि हुनु कारक सम्बन्धहरू हुन् ।

तर कतिपय अवस्थामा सहसम्बन्धहरूको एकापसमा साइनो नहुन पनि सक्छ। उदाहरणको लागि सन् १९९६ देखि २००८ सम्म अमेरिकाको आणविक भट्टीहरूमा युरेनियमको भण्डारण र उक्त समयमा गणित विषयमा विद्यावारिधि गरेका मानिसहरूको सहसम्बन्ध अति गहिरो (०.९५) देखिन्छ। तर यिनीहरूको एकअर्काप्रति कुनै प्रकारको कारक सम्बन्ध छैन, त्यसैले यिनीहरूको त्यस्तो सम्बन्धलाई मिथ्या सहसम्बन्ध भनिन्छ ।

त्रि-चन्द्र कलेजमा एकजना प्राध्यापकले अघिल्लो वर्ष तिब्बतमा पानी परेको र यो वर्ष नेपालमा छाताको बिक्री बढेको काल्पनिक दृष्टान्त दिनुहुन्थ्यो। झट्ट हेर्दा मिथ्या सम्बन्ध जस्तो लाग्ने यो उदाहरण भने कारक सम्बन्धकै हुन्थ्यो ।

हुने के रहेछ भने अघिल्लो वर्ष तिब्बतमा अत्यधिक वर्षा हुने र छाताको माग बढ्ने, यसपालि चिनियाँ उद्योगहरूबाट तिब्बतको लागि प्रशस्त छाता पैठारी हुने, तर तिब्बतमा कम पानी पर्ने र छाता कम खपत हुने ।

तिब्बतमा मौज्दात छाताहरू सस्तोमा नेपालमा निकासी हुने, अनि एक पोका नुनको मूल्यमा छाता पाएपछि नुन किन्न निस्केको मान्छेले नुनको सट्टा छाता किनेर फर्किने परिस्थिति बन्ने रहेछ। यसरी सतही रूपमा हेर्दा सम्बन्ध नदेखिने घटनाक्रमहरूलाई पनि गहिरो विश्लेषण गरियो भने अन्तर्य उजागर गर्न सकिने रहेछ ।

**आकस्मिकता भित्रका क्रमिकता**

सरसर्ती हेर्दा माथिका चार प्रश्नको पृष्ठभूमिका घटनाक्रमहरूको एक-अर्कासँग कुनै साइनो देखिँदैन। तथापि, मनुष्य मात्रको लागि प्राप्त विवेकको प्रयोग गरेर केही प्रश्नका उत्तरहरू खोज्ने प्रयास गर्‍यौं भने घटनाक्रमहरू मालामा गाँसिन सक्छन् ।

उल्लेखित घटनाक्रमहरूको एउटा समानता यो छ कि यिनीहरू सिनेमाहरूमा देखिने नाटकीय मोडहरू भन्दा कम्ती आश्चर्यजनक छैनन्। विज्ञान र संचारले प्रश्न सोध्न हिच्किचाउँछन्, अघिल्लो दिनसम्म संभव नदेख्ने स्वयंले पछिल्लो दिन संभव तुल्याइदिन्छन्। 'नो-नट-अगेन' भन्नेले 'अगेन' पुरानैलाई अघि लगाउँछन्, विश्वासघातको जवाफ विश्वासको मतले दिन्छन् ।

दैनिक समाचार चक्रहरूको सीमिततताबाट यी परिघटनाहरूको सम्बन्ध उजागर हुँदैन। तर अवस्थिति र समयका आयामलाई तन्काएर हेरियो भने तिनको अन्तर्य बुझ्न सकिन्छ। जस्तो कि, करिब २० करोड वर्षअघि अहिलेको पृथ्वीका महाद्वीपहरू प्यान्जिया नामको एउटै विशाल महाद्वीपको रूपमा अस्तित्वमा थिए ।

समयकालसँगै प्लेट विवर्तन प्रक्रियाद्वारा महाद्वीपीय विस्थापन

वांकी पांच पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरू

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# चोरी, पैठारी र छली गरी ल्याएको समान बरामद

विराटनगर । जिल्ला प्रहरी कार्यालय मातहतका कार्यलयहरुले भारतवाट चारी, पैठारीर छलि गरी ल्याएका खाद्यान समानहरु प्रहरीले बरामद गरका छन् ।

मोरङ जिल्लाका विभिन्न स्थानमा भारतबाट नेपालतर्फ भन्सार छली चोरी पैठारी गरी ल्याएको खाध्यान्न, लत्ताकपडा, माछा लगायतका सामान तथा नेपालबाट भारततर्फ लँदै गरेको चौपाया समेत बरामद गरीएको थियो ।

बरामद गरीएको सामान तथा चौपाया सहितका अन्दाजी मुल्य २ लाख ८३ हजार ७ सय ८०रहेको थियो ।

सामान बरामद गरीएको समानर चौपाया आवश्यक कारवाहिको लागि भन्सार कार्यालय विराटनगरमा बुझाईएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

# लागुऔषध ब्राउन सुगर सहित सातजना पक्राउ

बिराटनगर । झापा र मोरङका तिन छुट्टाछुट्टै स्थानबाट लागुऔषध ब्राउनसुगर र डाईलक्स डि.सी. सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

लागुऔषधको ओसार पसार भईरहेको भन्ने बिशेष सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय काकडभिट्टा र लागुऔषध नियन्त्रण ब्युरो काकडभिट्टाबाट खटिएको प्रहरी टोलील तीनीहरुलाई .पक्राउ गरका हुन ।

पक्रउ पर्नेमा मेचीनगर नगरपालिका-६ बाट स्थानीय ३० बर्षीय प्रलाद कार्कीलाई १ ग्राम ५०० मिलिग्राम लागूऔषध ब्राउनसुगर सहित शनिवार पक्राउ गरेको थियो ।

त्यसैगरी झापाकै दमक नगरपालिका-१ को कुमाल चोकमा रहेको एक होटलमा लागुऔषध ब्राउनसुगरको बिक्रीबितरण भईरहेको भन्ने बिशेष सूचना प्राप्त भए संगै ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले शनिवारे ४ जनालाई पक्राउ गरेको थियो ।

पक्राउ पर्नेहरुमा चुलाचुली गाउँपालिका-४ का ३२ बर्षीय बिर बहादुर लिम्बु, दमक-३ की २४ बर्षीया प्रेम कुमारी तामाङ, १९ बर्षीया दिक्षा योगी र फाकफोकथुम गाउँपालिका-३ घर भई दमक-९ मा बस्ने ३३ बर्षीय बिदुर पौडेल रहेका छन् ।

उनीहरुको साथबाट प्रहरीले ९ ग्राम लागुऔषध ब्राउसुगर र ४ थान मोवायल बरामद गरेको थियो ।

त्यसैगरी लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले बिराटनगर-१५ बाट धरान-१५ का ४२ बर्षीय मणी राई र तुवाचुङ गाउँपालिका-७ खोटाङका ४७ बर्षीय सुचिन राईलाई २० बोतल लागुऔषध डाईलक्स डि.सी. सहित शनिवार पक्राउ गरेको थियो ।

लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १





यो धुम्रपानको आदत सजिलो तरीकाले कहाँ छुट छ,
पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ ।


# खेलकुद महासंघको दोस्रो राष्ट्रिय महाधिविशन फागुनमा

विराटनगर । प्रजातन्त्र दिवसको अवसर परेर नेपाल कम्युनिष्ट पार्टी (एमाले) निकट नेपाल खेलकुद महासंघको दोस्रो राष्ट्रिय महाधिवेशन फागुनमा हुने भएको छ ।

महासंघका केन्द्रिय अध्यक्ष पर्शुराम बस्नेतले विराटनगरमा पत्रकार सम्मेलन गरेर सो कुरा वताएका हुन् ।




प्रमुख अतिथी महासंघ इन्चार्ज तथा नेकपा एमालेका पोलिटतब्यूरो सदस्य माननीय गोकुल बाँसकोटा बीचमा

महासंघको दोस्रो राष्ट्रिय अधिवेशन समुदघाटन समारोह प्रजातन्त्र दिवस अर्थात फागुन ७ गते प्रदेश १ को राजधानी विराटनगरमा रहेका विराट नसिंङ होम पूर्व रहको महोत्सव स्थल ( मैदान) मा पूर्व प्रधानमनत्ती तथा नेकपा एमालेका अध्यक्ष क. केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा विशाल जनसहभागित तथा विभिन्न खेलकुद प्रदर्शन गरीने बस्नेतले जानकारी गराउनु भयो ।

त्यसैगरी महाधिवेशनको उद्घाटनको अवसरमा केपी ओली रोडरेस प्रथम संस्करण २०७९ को समेत आयोजना गरी सोही दिन करांते, उषु, तेक्वान्दो लगायतका खेलहरु प्रदर्शनर सांस्कृतीक कार्यक्रम हुनेछ ।

महाधिवेशन सम्पन्न गर्न हाल कायम रहको २१६ सदस्यीय केन्द्रीय कमिटी नै मूल व्यवस्थापन समिति रहने र १५ वटा उप समितिहरु रहने भएको छ ।

राजनैतिक, सांगठनिक प्रतिवेदन लेखन उप समिति संयोजक क. कृष्ण बस्नेत ( पर्शुराम), प्रतिनिधी व्यवस्थापन उपसमितिको संयोजक क. दिपेन्द्र दाहाल, विधान मस्यादा उपसमिति संयोजक क भिम ओली, आर्थिक व्यवस्थापन उपसमिति संयोजक क. रुपेश अधिकारी, सह संयोजक क उज्वलल सुवेदी, स्वयंसेवक तथा सुरक्ष व्यवस्थापन उपसमिति संयोजक क. शिवजी गुप्ता, खाद्यान व्यवस्थापन उपसमिति संयोजक क. सन्तोषी श्रेष्ठ, मञ्च व्यवस्थापन तथा स्वागत समारोह उपसमिति संयोजक क. नद्या वस्याल, जनपरिचाल उपसमिति संयोजक क. सन्तोष वान्तवा, खेलकुद प्रदर्शन उपसमति संयोजक, क. ओमकृष्ण प्रसाई, अतिथी सत्कार उप समिति क. शम्भु पौडेल र आवास व्यवस्थापन उपसमति संयोजक क. विप्लव घोषलाई जिम्मेवारी दिएको बस्तेतले जानकारी गराउनु भयो ।

२०७९ फागुन ७, ८ र ९ गते विराटनगरमा हुन लागेको दोस्रो राष्ट्रिय महाधिवेशनमा देशभरीबाट ५ सय ५० जना प्रतिनिधिको सहभागिता रहने छ र उक्त दोस्रो राष्ट्रिय महाधिवेशन सम्पन्न गर्न ६५ लाख भन्दा बढि रकम खर्च हुने जानकारी गराउनु भयो ।

सो पत्रकार सम्मेलनमा महासंघ इन्चार्ज तथा नेकपा एमालेका पोलिटतब्यूरो सदस्य माननीय गोकुल बाँसकोटा, माननीय ऋषि केश पोखरेल, क. विनोद ढकाल, सह इन्चार्ज क. रमेश पौडेलको उपस्थिति रहको थियो ।

# गोरापन और कालापन क्या है ? कालापन होनेका करण

**गोरापन क्या है ?**

गोरा होने के तरीके जानने से पहले आपका ये जानना अत्यंत आवश्यक है की आखिर गोरापन है क्या । ज़्यादातर लोग सुंदरता को गोरेपन से जोड़ते है । जबकि असल में हमारा रंग काला होगा या गोरा इसका फैसला हमारी त्वचा में पाए जाने वाली मेलेनिन नामक वर्णक की मात्रा के आधार पर निर्भर करता है ।

काले रंग के लोगो में मेलेनिन की मात्रा ज़्यादा होती है जबकि गोरे रंग के लोगो में मेलेनिन की मात्रा कम होती है । कहने का तात्पर्य यह हुआ की जिन लोगो की त्वचा में मेलेनिन की मात्रा ज़्यादा होती है उनका रंग सांवला या फिर काला होता हैं । और जिन लोगो की त्वचा में मेलेनिन की मात्रा कम होती है उनका रंग सफ़ेद या गोरा होता है ।

**कालापन क्या है ?**

आइये अब हम ये भी जान लेते हैं की चेहरे का कालापन क्या है । जैसा की हमने आपको ऊपर बताया कि जिन लोगो में मेलेनिन नामक वर्णक की मात्रा ज़्यादा पायी जाती है उन लोगो का रंग काला या फिर सांवले की श्रेणी में आता है ।

इसके अलावा और भी कई कारण है जिससे चेहरे का रंग काला पड़ने लगता है । जैसे की धूल प्रदुषण से हम हमारे चेहरे के असली रंग को खो बैठ ते है । हाई पिगमेंटेशन और कम देखभाल के कारण भी हमारी त्वचा काली और ढीली पड़ने लगती है ।

**त्वचा के काला होने के कारण**

हम इस आर्टिकल में आपको त्वचा को गोरा करने के तरीको के साथ साथ, हमारी त्वचा क्यों काली पड़ती है उसके कारण भी बताएंगे । जिनसे आपको पता चलेगा की आपको क्या क्या नहीं करना चाहिए और यह जानकारी आपको भविष्य में भी मदद देगी । तो आइये जानते है ऐसे कुछ कारण जिनसे हम हमारी त्वचा का असली रंग खो बैठते है या हमारी त्वचा काली पड़ने लगती है ।

**१. धूल प्रदूषण**

हमारे चेहरे और त्वचा के काले होने का धूल प्रदूषण का होना सबसे एहम कारणों में से एक है। जो लोग धूल मिटी वाले वातावण में रहते है उनकी त्वचा की कोशिकाओं में धूल के कण समा जाते है जो समय के साथ साथ उनके चेहरे को काला बना देते है। मिटी हमारे चेहरे को सबसे पहले ख़राब करती है और ऐसे में अगर हम अपना चेहरा साफ़ पानी से न धोये तो हमरी त्वचा काली और रफ़ हो जाती है ।

**२. धूप**

त्वचा के काला होने के कारणों में से धूप के संपर्क में रहना भी एक कारण है । जब हम धूप में ज़्यादा भाग दौड़ करते है तो हमारा चेहरा काला पड़ने लगता है । आपने ध्यान दिया होगा जब हम कही घूमने जाते है, ऐसे में हमे कई बार धूप में भी घूमना पड़ता है । तब हमारी त्वचा सांवली या काली दिखने लगती है । इसे हम टैंनिग होना बोलते है । धूप के ज़्यादा घूमने फिरने से हमारे चेहरे और शरीर के बाकि हिस्सों पर भी टैनिंग हो जाती है ।

**३. मौसम में बदलाव**

कई बार मौसम में बदलाव होने से भी हमारी त्वचा काली पड़ने लगती है । जैसे की सावन के महीने में बारिश का मौसम होता है । बारिश के मौसम से या बारिश में नहाने से हमारी त्वचा चिप चिपी और काली पड़ने लगती है । जो की हमे बिलकुल भी अच्छी नहीं लगती। इससे हम हमारे चेहरे की रौनक को खो बैठ ते है । हालाँकि मौसम सही होने के बाद हमारे चेहरे का रंग वापिस पहले जैसा हो जाता है ।

**४. दूषित पानी**

ख़राब पानी के कारण चेहरे का कला पड़ना बहुत ही आम हो गया है । ये समस्या अकसर उन लोगो को होती है जो अपने घर से कही दूर बाहर पढ़ने या फिर नौकरी करने जाते है । गंदे या केमिकल युक्त वाले पानी में नहाने से उनकी त्वचा काली, रफ़ और लूज़ पड़ने लगती है । और साथ ही उनके बाल भी झड़ने लगते है ।

**४. ज़्यादा पसीना आना**

कुछ लोगो को सामान्य लोगो के मुकाबले ज़्यादा पसीना आता हैं। यह भी एक कारण है जिससे हमारी त्वचा काली पड़ने लगती है। बार बार पसीना पोंछने से हमारे चेहरे के कुछ हिस्से काले पड़ जाते है। और जिन हिस्सों पे पसीना ज़्यादा आता है वो काले होने के बाद अलग से चमकने लगते है। और फिर हमारा चेहरा बहुत अजीब दिखने लगता है ।


तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरुको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

## उपेक्षित उष्णप्रदेशीय दिवसको अवसरमा प्यानल छलफल

विराटनगर। "अहिलै गरौं एकै साथ गरौं उष्णप्रदेशीय रोगहरुमा लगानी गरौं" भन्ने मुल नाराका साथ उपेक्षित उष्णप्रदेशीय रोग दिवसको अवसरमा प्रदेश १ का स्वास्थ्य मन्त्री निर्मला तावा लिम्बुको प्रमुख आतिथ्यमा प्यानल छलफल गरी सम्पन्न गरको छ।

सो छलफलको समुद्घाटन प्रमुख अतिथी स्वास्थ्य मन्त्री लिम्बुले व्यानर पढेर समुद्घाटन गर्दै प्यानल छलफलमा सहभागी भएका थिए।

सो छलफलमा उपेक्षित उष्णप्रदेशीय रोगहरु डेंगु, फित्तेजुका, जुका, हात्तीपाईले, कुष्टरोग, खस्रेरोग, सर्पदंश, लुतो, रेविज, कालाजार लगायत १० वटा रोगहरुको वारेमा छलफल भएका थिए।

उपेक्षित उष्ण प्रदेशीय रोगहरु सङक्रमक भाइरस, व्याक्टेरिया, परजीवी, ढुसी र विषक्त पदार्थहरुको कारण लाग्ने रोगको समूह रहेको, यो रोग विश्वभरीमा १ अर्व मानिसहरुलार्य मानवीय, सामाजिक तथा आर्थिक भार थपेको जानकारी गराएका थिए।

कार्यक्रममा नीति तथा योजना महाशाखा प्रमुख डा.सुरेश मेहेता, नगरपालिका महासंघ १ नम्बर प्रदेशका अध्यक्ष एवं बेलबारि नगरपालिकाका मेयर दिल प्रसाद राई, नेपाल पत्रकार महासंघ १ नम्बर प्रदेशका अध्यक्ष लिला वल्लव लगायतका विशिष्ठ व्यक्तित्वहरुको उपस्थिती रहेको थियो।

## पेस्तोल, लागुऔषध र चारीएको मोटरसाईकल सहित तीन पक्राउ

सुनसरी। चाईनिज पेस्तोल, गोली, लागुऔषध र चोरीएको मोटरसाईकल सहित ईलाका प्रहरी कार्यालय ईटहरीले ३ जनालाई पक्राउ गरेको छ।

ईटहरी-१५ का ३० बर्षीय सुजित मग्राति माझी र ईटहरी १० का १९ बर्षीय मुकेश कोईरालाले चोरीको मोटरसाईकल कुदाई रहेको र पेस्तोल समेत रहेको भनी सूचना पाए संगै ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरी टोलीले बुधवार दुबैजनालाई ईटहरी-१२ बाट पक्राउ गरेको थियो।

पक्राउ परेका उनीहरुको साथबाट प्रहरीले १ थान चाईनिज पेस्तोल, सोही पेस्तोमला लाग्ने ६ राउण्ड गोली, १५० मिलिग्राम ब्राउनसुगर, र नाईट्रोसन ट्याब्लेट तथा प्रदेश नं. १-०२-०४३ प ६८९७ नम्बरको मोटरसाईकल समेत बरामद गरेको थियो।

त्यसैगरी ईटहरी-११ का ३३ बर्षीय मणी कुमार राईलाई मोटरसाईकल चोरी गरेको आरोपमा चोरी भएको मोटरसाईकल सहित प्रहरीले पक्राउ गरेको छ। माघ १७ गते ईटहरी-१ बाट मोटरसाईकल चोरी भएको भन्ने सूचना पाए संगै खोजतलासमा खटिएको प्रहरी टोलीले चोरी भएको प्रदेश १-०२-०४६ प ३१२९ नम्बरको बुलेट मोटरसाईकल सहित राईलाई पक्राउ गरेको थियो।

हतियार र मोटरसाईकल सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा ईलाका प्रहरी कार्यालय ईटहरीबाट थप अनुसन्धान भईरहेको छ।

## सार्वजनिक सूचना

***आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं।***

***ग्रामथान गाउँपालिकाको कार्यालय मोरंग, प्रदेश १***




## नेपाल राष्ट्र बैंकको गर्भनरलाई व्यापार संघको सुझाव

विराटनगर। नेपाल राष्ट्र बैंकको गर्भनरलाई मोरंग व्यपार संघले मामा १८ गते बुधवारका दिन १७ बुँदे सुझाव दिएका छन्।

संघको अध्यक्ष नवीन रिजाल द्धारा हस्ताक्षरीत सुझाव पत्रमा भनिएको छ राष्ट्रको आर्थिक विकासको मेरुदण्डको भूमिका खेल्दै आएको नेपालको निजी क्षेत्रकाउद्योग/ व्यवसाय हरुको पछिल्लो आर्थिक अवस्था चुनौति पूर्ण भए सँगै उद्योगी /व्यवसायीहरु चरम आर्थिक तथा मानसिक दवावमा परी व्यवसायिक पक्षघात, पलायन एवं आत्मघाती मनस्तिथिहरुबाट गुज्रिरहेको अवस्था श्रृजना भएको सर्व विदितै छ।

यसर्थ, हाल मुलुकको मानवीय जनधन, बौद्धिक सम्पत्ति, उद्यमशिलता तथा आर्थिक मेरुण्डीय उद्योग/ व्यवसाय क्षेत्र सहितमुलुकको अर्थतन्त्र नै धरापमा रहेकाले यस विकराल अवस्थाको समयमै सामान्यि करण गर्नु अत्यावश्यक रहेको व्यहोरा संघले अनुरोध गरेका छन्।

नेपालको आर्थिक/वित्तीय सुशासन कायम गराउने नियामक निकाय, नेपाल राष्ट्र बैंकको भूमिका अहम् रहने हुँदा विद्यमान दयनीय आर्थिक अवस्थालाई ध्यानमा राखी आगामी कार्यनीतिहरु तय गर्नुका साथै मौद्रिक नीति २०७९/८०को अर्ध वार्षिक समिक्षा गर्दा संघको सुझाव हरुलाई समेत गम्भिरता पूर्वक लिई सम्बोधन गर्न समेत संघले अनुरोध गरेका छन्।

**सुझावहरु**

**१. बेस रेट :** बेस रेट बढेको अवस्थाका कारण व्याजदर न्यूनिकरण हुननसकेको हुँदा एकलअंकको व्याजदर कायमहुने गरी बेस रेटलाई घटाइनु पर्दछ।

**२. व्याजदर :** बैंकहरुले बेस रेट पश्चात् थपगर्ने गरेको प्रिमियमका सन्दर्भमा उत्पादन मुलक उद्योगको हकमा अधिकतम १ प्रतिशत थपगर्ने र अन्य व्यवसायिक प्रतिष्ठानको हकमा अधिकतम १.५ प्रतिशतमात्र प्रिमियम थप गर्ने व्यवस्था गरिनु पर्दछ।

**३. मुद्दती निक्षेप दर :** ७ प्रतिशतको मुद्रा स्फ्रिति दर अनुरुप नै मुद्दती निक्षेप दर कायम गर्नुका साथै संस्थागत निक्षेप दर न्यून कायम रहने व्यवस्था गरिनु पर्दछ।

**४. तरलताअभाव :** नेपाल राष्ट्र बैंकले हाल केहि संयन्त्र अपनाएता पनि तरलता अभावको अवस्था समाधान हुन नसकेको र लगानी योग्य पुँजीको अपर्याप्तता कायममै रहेकाले तरलता अभाव अन्त्य गर्ने ठोस संयन्त्रहरु स्वस्फूर्तताका साथ कार्यान्वयन माल्याइनु पर्दछ।

**५. चालू पुँजीकर्जाको शून्यबक्यौता :** चालू पुँजीकर्जाका विषयमा नेपाल राष्ट्र बैंकले कार्यान्वयनमा ल्याएको चालू पुँजीकर्जा सम्बन्धी मार्गदर्शन, २०७९ माग गरिएका कतिपय व्यवस्थाहरु विद्यमान नेपाली परिवेश अनुकूल नरहेकाले त्यसलाई तत्कालै संशोधन गर्नुका साथै उक्त मार्गदर्शन अन्तरगत बुँदा नं. ८.६ मा रहेको चालू पुँजी कर्जालाई वार्षिक रुपमा ७ दिन सम्म शून्य बक्यौता कायम गर्नु पर्ने व्यवस्था अव्यवहारिक रहेकाले त्यसलाई खारेज गर्नु पर्दछ। त्यस प्रकारको अभ्यास बैंक र राष्ट्र बैंकको हकमा लागू भएमात्र उद्योग/व्यवसाय क्षेत्रमा व्यवहार्य हुने देखिन्छ।

**६. चालू पुँजीकर्जा रकमको दायरा :** चालू पुँजीकर्जाका सम्बन्धमामार्गदर्शन को बुँदा नं. ३ मा कायम गरिएको वार्षिक कारोवार रकमको २०-२५ प्रतिशतको व्यवस्था भुपरिवेष्ठित, आयातमा आधारित तथा लामो व्यवसायिक चक्र भएको नेपाली व्यवसायिक परिवेशका लागि अपर्याप्त रहेकाले त्यस दायरालाई कम्तिमा ४० प्रतिशतकायमगरिनु पर्दछ।

**७. शुक्ष्मनिगरानी :** उद्योग व्यवसायमा नाफा/नोक्सानी हुनु सामान्य प्रकृति हो। तर हाल बैंकहरुले नोक्सानी देखिने वासलात तथा नाफा नोक्सानी विवरण स्वीकार गरिरहेका छैनन्। बैंकिङ कार्यहरु अघि बढाउन वा बैंकहरुलाई खुसी पार्न भएपनि वित्तीय विवरणहरु नाफामा देखाउनु पर्ने बाध्यता रहेको छ। यस्तो परिपाटीको अन्त्यगर्न हालकायम रहेको शुक्ष्म निगरानी वर्ग अन्तरगत नोक्सानीमा रहेका उद्योग/व्यवसायको हकमा थपकर्जा नोक्सानी गर्नु पर्ने व्यवस्था खारेज गरिनु पर्दछ।

**८. व्याज तथा साँवा भुक्तानी अवधि :** विगत १ वर्ष देखि थला परेको उद्योग/व्यवसाय तथा अर्थतन्त्रका कारण कतिपय औद्योगिक/व्यवसायिक प्रतिष्ठानहरुले २०७९ असोज तथा पौष महिनामा व्याज तथा किस्ता बुझाउन सकेका छैनन्। जस कारण केही व्यवसायीहरु मानसिक दवावमा परी आत्महत्या सम्म गर्न बाध्य भए। यस्तो विषम् परिस्थितिमा २०७९ असोज, पौष तथा चैत्र सम्मका व्याज तथा साँवा रकम कम्तिमा २ वर्ष सम्मका लागि स्थगीत (डीफर) गरी सामान्य किस्ता बन्दीमा बुझाउन पाउने व्यवस्था कायम गरिनु पर्दछ।

**९. सम्झौता विपरीतका असुली फिर्ता :** गतआर्थिक वर्षमा निश्चित व्याजदरमा सम्झौता गरी बैंक ऋण लिएका उद्योगी/व्यवसायीहरुसँग निजका बैंकहरुले सम्झौता विपरीत उच्च व्याजदर कायम गरी अतिरिक्त रकम असुली गरेकोमा सम्झौता विपरीत असुली गरिएका त्यस्ता रकमहरु यस आर्थिक वर्षको पौष मसान्त भित्र फिर्ता गरि दिन नेपाल राष्ट्र बैंकले बैंकहरुलाई निर्देशन दिएता पनि गैह्र कानूनी तवरले असुली गरिएका त्यस्ता रकमहरु कतिपय बैंकहरुले हाल सम्म पनि फिर्ता नगरेको अवस्था रहेकाले ती रकमहरु तत्कालै फिर्ता गर्न बैंकहरुलाई पुनःनिर्देशन जारी गरिनु पर्दछ।

**१०. बैंकहरुको लगानी प्राथमिकता :** बैंकहरुले कम्तिमा ५० प्रतिशत रकमउत्पादनमुलक क्षेत्रमाप्राथमिकताका साथ लगानीगर्नु पर्ने अनिवार्य व्यवस्थाल्याइनु पर्दछ।

**११. बैंकिङ शुल्क :** बैंकिङ कारोवार गर्दा लाग्ने शुल्कहरु बैंकहरुले मनोमानी तथा अवसर वादी तवरले तोक्न थालेको तथा निज बैंकहरुले हाल आफ्नो स्टेन्डरड चार्जको ७५ प्रतिशत सम्म रकम निर्धारण गर्न थालेकोमा त्यस्ता गतिविधिलाई नियन्त्रण गर्दै ती बैंकहरुलाई विगतका झैं २५ प्रतिशत रकम मात्र असुलगर्न निर्देशन जारी गर्नु पर्दछ।

**१२. उधारो सुरक्षण नीति :** नेपालमा अधिकांश व्यापारिक कारोवारहरु उधारोमा हुने गरेकाले औद्योगिक/व्यवसायिक क्षेत्रका उधारो बिक्री तथा लगानीहरुको सुरक्षण गर्ने नीति ल्याइनु पर्दछ।

**१३. कर्जा प्रयोजनका कागजात :** बैंकहरुद्वारा कर्जा प्रयोजनका लागि ऋणीसँग सही गराउने तथा ऋणीहरुका निम्ति प्रयोग गर्ने कागजातहरुको एकरुपता कायम गराउन नेपाल राष्ट्र बैंकले नै ढाँचा तयार पारिदिनु पर्दछ।

**१४. बैंक संचालक र उद्योग/व्यवसाय संचालक :** बैंकका संचालकहरु कुनै पनि उद्योग/ व्यवसायका संचालक हुन नपाउने तथा उद्योग/व्यवसायका संचालकहरु कुनैपनि बैंकको संचालक हुन नपाउने नीति ल्याइनु पर्दछ।

**१५. ऋण भुक्तान दायित्व :** प्राईभेट लिमिटेड कम्पनीहरुको मुलभूत सिद्धान्त अनुसार त्यस्ता कम्पनीका सेयरधनीहरुको सम्पत्ति र दायित्वमानिजहरुको सेयर प्रतिशत अनुरुप नै अधिकार रहने हुनाले निजकम्पनीको बैंक ऋण दायित्वमा समेत निज सेयरधनीहरुको सेयर प्रतिशत अनुरुप नै दायित्व कायमहुने व्यवस्था गरिनु पर्दछ।

**१६. लेटर अफ अन्डर टेकिङ्ग (एल यू टी) कागजात :** कतिपय भारतीय निर्यात कर्ताहरुले जि.एस.टी. भुक्तान गरेर नेपालमा निर्यात गर्ने गरेको र पछि निजहरुले निर्यात सम्बन्धी कागजातहरु पेश गरी जि.एस.टी. फिर्ता लिने तथा लेटर अफ अन्डर टेकिङ्ग (एल यू टी) कागजात प्रस्तुत गर्नु नपर्ने प्रचलनमा रहेको छ। तर, नेपाली आयात कर्ताहरुले आयात गर्दा त्यस्ता लेटर अफ अन्डर टेकिङ्ग (एल यू टी) कागजात अनिवार्य मगाउनु पर्ने प्रावधान रहेका कारण (एल यू टी) कागजात प्रस्तुत नगर्ने निर्यात कर्ताहरु सँग कारोवार गर्न नमिल्ने भएको छ। अत :आयात गर्दा (एल यू टी) कागजात अनिवार्य मगाउनु पर्ने व्यवस्था खारेज गरिनु पर्दछ।

**१७. बैंकहरुको राष्ट्रियकरण :** बैंकहरुको उच्च मुनाफा खोरी प्रवृतिले बैंक व्याजदर उच्च रहेको, लगानी योग्य पुँजीको अभाव रहेको तथा बैंकिङ नीतिहरु प्रतिकूल हुनगई औद्योगिक/ व्यवसायिक वातावरण धरासायी भई रहेको जटिल अवस्थामा समेत बैंकहरुलाई नियमन गराउन नेपाल राष्ट्र बैंक निरिह भएको वा बैंकहरुको प्रभावमा परेको अनुभूति भइरहेको हुँदा आर्थिक मेरुदण्डीय सम्पूर्ण उद्योग/ व्यवसाय क्षेत्रको संरक्षण, सम्वर्द्धन एवं विकासका लागि त्यस्ता मुना फाखोरी मनो प्रवृति एवं बैंकिङ जटिलता श्रृजनागर्ने बैंकहरुलाई तत्कालै राष्ट्रियकरण गरिनु पर्दछ।



क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# श्रीमतीलाई हत्या गरेको आरोपमा श्रीमान पक्राउ

भोजपुर । भोजपुरको अरुण गाउँपालिका-२ का ५५ बर्षीय ज्ञान बहादुर श्रेष्ठलाई श्रीमतीको हत्या गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ ।

शनिवार श्रीमान श्रीमती बिच घरायशी बिषयमा सामान्य बादबिबाद भएको भएको र बादबिबादकै क्रममा रिशको आवेगमा श्रेष्ठले ४१ बर्षीया श्रीमती गंगा श्रेष्ठलाई घाँटी थिचेर हत्या गरी मल खाडिमा पुरेको भन्ने सूचना पाए संगै प्रहरी चौकी प्याउलीबाट खटिएको प्रहरी टोलीले श्रेष्ठलाई पक्राउ गरेको थियो ।

मादक पदार्थ सेवन गरी घर आएका श्रेष्ठले मादक पदार्थको सनकमा श्रीमतीको हत्या गरेको र हत्या पश्चात घटनालाई ढाकछोप गर्न नजिकै रहेको मल खाडीमा खाल्डो खनी पुरेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ ।

घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।

# छोराको कुटाईले बुवाको मृत्यु

संखुवासभा । संखुवासभाको भोटखोला गाउँपालिका-५ का ७३ बर्षीय गोठे राईको कुटपिटबाट मृत्यु भएको छ भने बुबालाई कुटपिट गरी हत्या गरेको आरोपमा निजकै छोरा प्रेम कुमार राईलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

गत शुक्रवार राती ११ बजेको समयमा बाबु छोरा बिच घरायसी बिषयमा सामान्य बादबिबाद भएको र बादबिबादकै क्रममा छोराले बुबालाई लाठीले कुटपिट गर्दा घाईते भएका गोठेलाई उपचारको लागी जिल्ला अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भएको थियो ।

छोराको कुटपिटको कारण बुबाको मृत्यु भएको भन्ने सूचना पाए संगै प्रहरी चौकी स्याक्सिलागोलाबाट खटिएको प्रहरी टोलीले प्रेम कुमार राईलाई पक्राउ गरेको हो ।

हत्या आरोपमा पक्राउ परेका राईको सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया
मोरंग, प्रदेश १

NO SMOKING

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक
विराटनगर

# नेपाली...

भयो र अहिलेको स्वरूपमा भिन्नाभिन्नै महाद्वीपहरूमा विभाजित हुनपुग्यो। अन्तरिक्षबाट देख्न सकिने यिनीहरूको आकारलाई जोडेर हेर्ने हो भने यो तथ्य सजिलै अनुमान गर्न सकिन्छ ।

भूगर्भ विज्ञानका अध्ययनहरूले त्यो अनुमानलाई सत्य पुष्टि गर्छन्। हाम्रा सामाजिक-राजनीतिक परिघटनाहरूलाई पनि बदलिंदो विश्व परिवेशको परिघटनाको उपजको रूपमा हेर्ने हो भने आकस्मिकताहरू नै क्रमिकता भित्र देखिन्छन् ।

**हाम्रो सार्वभौमिकता र भूराजनीतिक सम्बन्ध**

नेपालीका रूपमा हामी अविभाज्य, सार्वभौम मुलुक हौं। हामी आफ्ना निर्णयहरू आफैं गर्न सक्छौं। तर, बाँकी विश्वसँग पनि हाम्रो अन्योन्याश्रित सम्बन्ध छ। बेलायतले दक्षिण एसियामा आफ्नो साम्राज्य विस्तार गर्ने क्रमसँगै भएको नेपालको एकीकरण, भारतीय उपमहाद्वीप बेलायती उपनिवेशबाट स्वतन्त्र भएसँगै नेपालमा जहानियाँ राणाकालको अन्त्य, सोभियत संघको विखण्डनसँगै नेपालमा प्रजातन्त्रको पुनर्वहाली जस्ता परिघटना संयोग मात्र थिएनन् परिस्थितिका उपज पनि थिए ।

सन् १९४० दशकको मध्यतिर, दोश्रो विश्वयुद्धको अन्त्यसँगै अमेरिका विश्वको प्रमुख निर्णायक शक्ति भएर उभियो। त्यसपछिका दिनहरूमा १९९० को दशकको सुरुवातमा आफ्नो विघटन हुनुपूर्व सोभियत संघले अमेरिकी वर्चश्वलाई चुनौती दिंदै आएको थियो, विश्व दुई ध्रुवहरूमा विभाजित थियो ।

सोभियत विघटन पश्चात भने अमेरिका र उसको नेतृत्वको पश्चिमाहरूको गठबन्धनले विश्व राजनीतिमा प्रत्यक्ष-अप्रत्यक्ष प्रमुख भूमिका खेल्न सुरु गऱ्यो। ऐतिहासिक रूपमा सोभियत ध्रुवसँग नजिक भारतमा पनि पछिल्लो समयमा अमेरिका र पश्चिमाहरूको प्रभाव बढ्न थाल्यो ।

भारतको उल्लेख्य प्रभाव रहेको नेपालमा पनि सामान्यतया भारतमार्फत उनीहरूको उपस्थिति रहिरह्यो। विशेष परिस्थितिहरूमा भने प्रत्यक्ष संलग्नता पनि देखाउन पछि परेनन् ।

बदलिंदो विश्व परिवेश

सन् २०२० को दशकको सुरुवातसँगै विश्व-राजनीतिमा अर्को महाशक्ति राष्ट्रको भयानक उपस्थिति भयो। अमेरिकी नेतृत्वको पश्चिमाहरूको एकल वर्चश्व नरहने स्थिति सृजना भयो। यो शक्तिले पश्चिमाहरू जस्तै धेरै हल्ला गर्दैन तर नरम रूपमा आफ्नो स्वार्थ पश्चिमाहरूले जस्तै गरी पूरा गर्छ ।

यो शक्तिले अभिव्यक्ति स्वतन्त्रतामा विश्वास गर्दैन, सामाजिक इन्जिनियरिङमा विश्वास गर्छ । लब्धप्रतिष्ठित र शक्तिशाली व्यक्तिहरूको सोचलाई सामान्य मानिसहरूको सोचभन्दा उत्कृष्ट ठान्छ। त्यो शक्ति हो, हाम्रै उत्तरी छिमेकी राष्ट्र- चीन ।

चीनले आफू विश्वकै शक्तिशाली राष्ट्रको अग्रपंक्तिमा उभिएसँगै आफ्नो प्रभाव पनि देखाउन थालेको छ। चीनको प्रभाव पश्चिमा राष्ट्रहरूमा समेत विस्तार भैरहेको सन्दर्भमा नेपाल त्यसबाट अछुतो रहने कुरै रहेन । सिमाना जोडिएको, सामरिक महत्वको छिमेकी राष्ट्र नेपालमा, चीनले आफ्नो उपस्थिति नदेखाएर भारत र पश्चिमाहरूको मात्र खेलमैदान बनाउन अबको केही समयको लागि संभव पनि देखिँदैन ।

**चार प्रश्नको एउटै जवाफ- चीनको भूमिका**

माथिका सम्बन्धविहीन लाग्ने प्रश्नहरूलाई जोड्ने धागो पनि यही हो- उदाउँदो, जगमगाउँदो चीनको उपस्थिति। नेपाली राजनीतिमा विगत केही वर्षदेखि चीनको सक्रियता बढ्दै थियो भने अहिले निर्णायक बन्दैछ। पश्चिमाहरूको पकडमा रहेको संयुक्त राष्ट्रसंघको एउटा निकाय विश्व स्वास्थ्य संगठनमा चीनले आफ्नो प्रभुत्व स्थापना गरे जस्तै, भारतले र उसँगको सहकार्यमा पश्चिमाहरूले नेपालमा गर्ने निर्णायक राजनीतिक भूमिका यसपालि चीनले निर्वाह गरेको छ ।

भारतको अघोषित नाका बन्दीविरुद्ध खरो रूपमा उभिएका र चुच्चे नक्शाका नायक केपी ओलीको बुई चढेर, चिनियाँ नेता माओको नाम जोडेका पार्टीका नेता प्रचण्डलाई सत्ताको कमाण्ड प्राप्त भएको छ । राजनीतिक मुद्दामा प्रचण्डभन्दा विपरीततर्फ फर्केका भए पनि भारतको आलोचनाकै भरमा रविको रास्वपा र राजेन्द्रको राप्रपा पनि सामेल भएका छन् ।

कांग्रेसभित्र पनि भारतीय वा पश्चिमा शक्तिहरूको आडमै बस्दा आफ्नो भविष्य सुरक्षित देख्ने पात्रहरूको तुलनामा शक्तिमा रहन पाए खुशी हुने पात्रहरू हावी भएका छन्, त्यसैले संसदीय मूल्यमान्यताहरूलाई थन्क्याएर प्रचण्डलाई विश्वासको मत दिएका छन् ।

सत्ता परिवर्तनमा चीनको उपस्थितिको जानकारी पाएसँगै नेपाली सर्वसाधारण भन्दा बढी चकमन्निएका छन् - पश्चिमा शक्तिकेन्द्रहरू। वर्तमान अमेरिकी उपविदेशमन्त्री भिक्टोरिया नुल्याण्ड नेपाल भ्रमण गर्नुले पनि यस्तै संकेत गर्छ। नुल्याण्डले रुससँग नजिक मानिने युक्रेनी राष्ट्रपति भिक्टर यानुकोभिचलाई सन २०१४ मा सत्ताच्यूत गर्न भूमिका निर्वाह गरेर चर्चा बटुलेकी थिइन् ।

राष्ट्रपति छनोटको पूर्वसन्ध्या मा उनको भ्रमणले वर्तमान सत्ता समीकरणमा केही असर देखियो भने अचम्म नमाने हुन्छ । चीनको भूमिकालाई चुनौती दिन आगामी दिनहरूमा भारत र पश्चिमाहरूले नेपाललाई थप महत्वका साथ हेर्ने भविष्यवाणी गर्न सकिन्छ ।

**अबको हाम्रो गृहकार्य**

हामीले आफ्नो आवश्यक गृहकार्य गर्ने र हाम्रा योजना सफल पार्न एकजुट भएर लाग्ने हो भने बाहिरी हस्तक्षेपहरूको प्रभाव स्वत: निस्तेज हुनेछ । हाम्रै समाजमा स्वाभिमानी उद्यमी छिमेकीलाई गरिने व्यवहार र परनिर्भर बेरोजगारलाई गरिने व्यवहार फरक भएजस्तै अन्तर्राष्ट्रिय सम्बन्धहरूमा पनि हुने गर्छ। यो मानवीय स्वभाव हो ।

एउटा भनाइ छ, 'यदि आफ्नो सपना साकार पार्ने काम गर्न सकेनौं भने अरुले उनीहरूको सपना साकार पार्न तिमीलाई प्रयोग गर्नेछन् ।' नेपालको हकमा पनि राष्ट्रको सपना साकार पार्न सबैले आ-आफ्नो भूमिका निर्वाह गर्न सक्नुपर्छ। अन्यथा छिमेकीहरूले उनीहरूको सपना साकार पार्न प्रयोग गर्नेछन् ।

शक्तिराष्ट्रहरूको प्रभावकै बीच दक्षिण कोरिया, कतार, स्विट्जरल्याण्ड जस्ता मुलुकहरूले गरेको प्रगतिबाट प्रेरणा लिएर आफ्नो मौलिक सपनाहरू साकार पार्ने दिशामा काम गर्न सक्ने हो भने तगाराहरू क्रमश: पन्छिदै जानेछन्। चीन स्वयं पनि एउटा त्यस्तो उदाहरण हो जसले चलायमान र उत्पादनमुखी आर्थिक उन्नतिहरू हासिल गर्न सकियो भने छिमेकीहरूको उपस्थितिको प्रकृति आफैं परिवर्तन हुँदै जाने सन्देश दिन्छ ।

मूर्छित अवस्थामा भविष्यका योजना तयार पार्न सकिंदैन। तर, एकपटक अज्ञानता र अन्धोपनको मूर्छाबाट ब्यूँतिसकेपछि पुन: मूर्छित भइँदैन। सकारात्मक, पारस्परिक ज्ञानको ज्योतिले जस्तोसुकै अँध्यारोपन पनि चिर्न सक्छ, हामी मूर्छितबाट चेतनशील बन्छौं। अनि त्यो चेतनाको सहाराले समाजका अंग-अंगका, वस्तुपरक, ठोस योजना बनाउन र तिनीहरूको सफल कार्यान्वयन गर्न सक्नेछौं ।

आफ्नै बलबुतामा रोगव्याधि नियन्त्रणदेखि सबै तहका सत्ता संचालन गर्न सफल हुनेछौं। समय लाग्नेछ, तर हामीले पनि आफ्ना समस्याको समाधान गरेर छिमेकीका समस्या समेत सुल्झाउन सक्ने हैसियत बनाउन सक्नेछौं । सम्भव छ ।

अनलाईन खबरवाट

